जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक १४३ २०८१ साल पुस १८ गते बिहीबार (2 Jan. 2025 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : मधेस प्रदेशमा विकास... ३ पृष्ठमा : विश्व अर्थतन्त्र २०२४; कमजोर... ३ पृष्ठमा : युक्रेनले सन् २०२५...

## पत्रकारहरुको पेशागत सुरक्षाका लागी प्रदेश सरकार लागिपरेको छ : मुख्यमन्त्री सिंह

**दैनिक समाचारदाता**
**राजविराज, १७ पुस ।**

नेपाल पत्रकार महासंघ सप्तरीको नवनिर्वाचित पदाधीकारीहरुको प्रमाणपत्र वितरण एवं पदस्थापना कार्यक्रम बुधबार सम्पन्न भएको छ ।

सो अवसरमा कार्यक्रमका प्रमुख अतिथि मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले प्रदेश पत्रकारहरुको पेशागत सुरक्षाका लागी एक लाख रुपैयाको स्वास्थ्य बिमा तथा ७ लाख रुपैयाको दुर्घटना बिमासहित उच्च शिक्षाका लागी छात्रबृतिको व्यवस्था गरिएको जानकारी दिएका छन् ।

उनले पत्रकारहरुको गुणस्तरमा बृद्धि तथा संस्थागत विकासका लागी समेत प्रदेश सरकारले साधन श्रोतले भ्याए सम्म थप सहयोग गरेर देखाउने प्रतिबद्धता समेत जनाए ।






उनले प्रदेश सरकार प्रदेशवासीको भावना अनुसार काम गरीरहेको दाबीका साथ भए/गरेका सकारात्मक कुरालाई संचारक्षेत्रले उचित स्थान दिनु पर्नेमा जोड समेत दिए । "आफुले प्रदेशको नेतृत्व सम्हालेको छोटो समय मै प्रदेशको विकासका लागी थुप्रै योजनाहरु अगाडी बढाइरहे पनि सकारात्मक भन्दा नकारात्मक कुरा मिडीयामा बढी आउनु दुखःद छ, मुख्यमन्त्री सिंहले भने-सरकारका सकारात्मक कुरालाई पनि पत्रकारहरुले उचित स्थान दिनु जरुरी छ ।"

बिरोधका लागी मात्र बिरोध नगरौ, सकारात्मक ढंगले पनि कलम चलाउनु पर्छ, उनले थपे । उनले अन्य क्षेत्र जस्तै पत्रकारीता क्षेत्र पनि सरकारको उच्च प्राथमिक्तामा परेको बताए ।

सोही कार्यक्रममा प्रदेश सांसद एंव पत्रकार महासंघ सप्तरीका पूर्वसहसचिव माला कर्णले पत्रकारीता जगत आवाज विहीनहरुको आवाज भएको भन्दै सधै पीडीतको पक्षमा कलम चलाउन पत्रकारहरुको जिम्मेवारी रहेको बताईन ।

गत २८ मंसिरमा भएको निर्वाचनबाट श्रवण देवको अध्यक्षतामा १६ सदस्यीय नयाँ कार्य समिती निर्वाचित भएको थियो । निर्वाचितहरुलाई प्रमुख अतिथी मुख्यमन्त्री सिंह तथा निर्वाचन समितीका संयोजक प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झाले प्रमाणपत्र प्रदान गरेका थिए ।

कार्यक्रममा जिल्ला समन्वय समितीका प्रमुख शिबनारायण साह, पत्रकार महासंघका केन्द्रीय सदस्य द्वय ललिता साह, राजु विश्वकर्मा, प्रदेश उपाध्यक्ष अम्बिका दाहाल, पूर्वसभापतिहरु बिष्णु मण्डल, मुरलीप्रसाद यादव, धिरेन्द्र प्रसाद साह, व्याश शंकर उपाध्याय, प्रेस युनियन सप्तरीका अध्यक्ष बिनय लाल कर्ण, समाजवादी प्रेस संगठनका अध्यक्ष अनिल पोखरेल, प्रेस चौतारीका अध्यक्ष डम्बर राई, प्रेस मंचका अध्यक्ष भुषण सिह, प्रेस सेन्टरका अध्यक्ष दिनानाथ यादव, नेपाली काँग्रेस सप्तरीका सभापती रामदेब साह, जसपा नेपालका अध्यक्ष केदार यादव, जनमत पार्टीका जिल्ला इन्चार्ज राम गमन साह लगातले पनि नबनिर्वाचित समितीलाई सफलताको शुभकामना दिएका थिए ।

## पदस्थापनाको माग गर्दै स्थानीय तहका कर्मचारी आन्दोलनमा

जनकपुरधाम, १७ पुस (रासस) ।

मधेश प्रदेश स्थानीय तहका कर्मचारीहरु पदस्थापनाको माग गर्दै आन्दोलनमा उत्रेका छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हातामा उनीहरूले धर्ना दिएका हुन् ।

स्थानीय तहका प्राविधिक, लेखा, राजस्व, प्रशासनलगायत विभिन्न समूहका एक सय ६० कर्मचारीले कार्यालयको काम छोडेर धर्नामा बसेका हुन् । पटक-पटक लिखित तथा मौखिक जानकारी गराए पनि कुनै सुनवाइ नभएपछि बाध्य भएर आन्दोलनमा उत्रिनुपरेको आन्दोरत कर्मचारीको गुनासो छ ।

एक वर्ष अगाडि संघीय लोकसेवा आयोगबाट उत्तीर्ण भई मधेश प्रदेशमा पदस्थापनाका लागि सिफारिस भएका कर्मचारी कामविहीन भएपछि आन्दोलनमा उत्रेको उनीहरुको भनाइ छ ।

स्थानीय तह कर्मचारी आन्दोलन समितिका संयोजक बीरबहादुर सलौराले सम्बन्धित निकायले सुनवाइ नगरे देशव्यापी आन्दोलन गर्ने चेतावनी दिनुभयो । मधेश प्रदेशमा एक हजार कर्मचारी स्थानीय तहका कर्मचारी कार्यरत छन् ।

संघीय लोकसेवा आयोगबाट अन्य प्रदेशमा सिफारिस भएका कर्मचारीको पदस्थापना भए पनि मधेश प्रदेशका कर्मचारीको पदस्थापना नभएको उहाँले बताउनुभयो । पदस्थापना नभएकाले थप सेवा सुविधा पाउन समस्या भएको आन्दोलनरत कर्मचारीको भनाइ छ । उनीहरूले आन्दोलन गर्नुपूर्व मुख्यमन्त्री सतिशकुमार सिंहलाई लिखितरूपमा पदस्थापनाको लागि आग्रह गर्दै ध्यानाकर्षण पत्र बुझाएका थिए ।

## बस पल्टिदा सशस्त्र प्रहरी निरीक्षकको मृत्यु

**दैनिक समाचारदाता**
**सर्लाही, १७ पुस ।**

मंगलबारराति बागमती प्रदेश ०१-००६ख २००४ नम्बरको यात्रीबाहक बस डियुटीमा रहेका सशस्त्र प्रहरी निरीक्षक बिजयकुमार तुलाधरमाथि पल्टिदा उनको मृत्यु भएको छ ।

तीब्रगतिमा रहेको उक्त यात्रुबाहक बस बलरा नगरपालिका ९, छतौना बोर्डर आउट पोष्ट (बिओपी)मा ड्युटीमा रहेका तुलाधरमाथी पल्टिएको हो ।

बसले थिचेर गम्भीर घाइते भएका निजको उपचारका लागि प्रादेशिक अस्पताल मलङ्गवा लैजाँदा बाटोमा नै मृत्यु भएको सशस्त्र प्रहरी उपरीक्षक विनोदराज खनालले जानकारी दिए । प्रहरीले घटनास्थलबाट बसचालकसहित तीन जनालाई पक्राउ गरेको छ ।

## 'क्यान्सरविरुद्धको 'एचपिभी' खोप सुरक्षित छ'

**दैनिक समाचारदाता**
**काठमाडौं, १७ पुस ।**

किशोरीलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको लगाइने 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोप प्रभावकारी र सुरक्षित भएको बताइएको छ ।

स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाका निर्देशक डा विवेककुमार लालले खोपको सुरक्षित र प्रभावकारी रहेको बताउनुभयो । उहाँले यसको गुणस्तर र प्रभावकारीतामा निरन्तर परीक्षण गर्ने जानकारी दिनुभयो ।

क्यान्सर रोग विशेषज्ञ डा सरिता घिमिरेले खोप सतप्रतिशत प्रभावकारी र सुरक्षित भएको दाबी गर्नुभयो । "कलिलो उमेरमा विवाह गर्ने र असुरक्षित यौन सर्म्पकको कारणले पाठेघरमा क्यान्सर हुने जोखिम हुन सक्दछ," उहाँले भन्नुभयो," त्यही भएर यौनसम्पर्क हुनसक्ने उमेर समूहका किशोरीलाई लक्षित गरेर एचपिभी खोप दिइन थालेको हो ।" पाठेघरको मुखको क्यान्सरको जोखिम बढाउने मुख्य कारण ह्युमनपापिलोमा भाइरस सङ्क्रमण रहेकोले त्यसको विरुद्ध खोप लगाउनुपर्ने हुन्छ ।

ह्युमनपापिलोमा भाइरस सङ्क्रमण कलिलो उमेरमा विवाह गर्ने, कलिलो उमेरमै बच्चा जन्माउने, धेरै बच्चा पाउने, छोटो अन्तरालमा लगातार बच्चा पाउने र धेरै जनासँग यौन सम्बन्ध बनाउने, धेरै धूम्रपान तथा मद्यपान गर्ने र यौनाङ्गको सरसफाइमा ध्यान नदिदा हुने गर्दछ ।

बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमका अनुसार आगामी माघ २२ देखि फागुन ६ गतेसम्म खोप लगाइने छ । उहाँले देशभरिका कक्षा ६ देखि १० कक्षा पढ्ने १० देखि १४ बर्ष उमेर समूहका १६ लाख ८८ हजार नौ सय किशोरीलाई विद्यालयमा गएर खोप लगाइने बताउनुभयो । यस्तै विद्यालय बाहिर रहेका किशोरीलाई पनि विद्यालय गएर खोप लगाउन व्यवस्था गरिएको छ ।

'एचपिभी' खोप 'भ्याक्सिन र खोपका लागि ग्लोबल एलायन्स' (गाभी)को सहयोगमा करिब १५ लाख मात्रा खोप नेपाल आइपुगेको हो । नेपालमा हरेक बर्ष पाठेघरको मुखको क्यान्सरबाट चार जना महिलाको मृत्यु हुने गरेको छ ।

पाठेघरको मुखको क्यान्सरको जोखिम बढाउने मुख्य कारण 'ह्युमनपापिलोमा भाइरस' सङ्क्रमण रहेकोले त्यसको विरुद्ध खोप लगाउनुपर्ने हुन्छ । नेपालमा सवभन्दा बढी महिलामा लाग्ने क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर सवभन्दा बढी देखिने र त्यसपछि स्तन क्यान्सर रहेको छ ।

**जाडो मौसममा सवारी दुर्घटनाको जोखिमबाट बचौं**

हुस्सु, कुहिरो र शीतलहरका वेला सवारी दुर्घटनाको उच्च जोखिम हुन सक्छ,

- सावधानीपूर्वक सवारी साधन चलाऔं,
- सवारी चलाउनु पूर्व सवारीको यान्त्रिक परिक्षण गरौं,
- हुस्सु, कुहिरो र शीतलहरको वेला वत्ति (फग लाइट) बालेर मात्र सवारी साधन चलाऔं,
- बाक्लो कुहिरोको समयमा अवश्यकता अनुसार हर्नको प्रयोग गरौं,
- तिव्र गतिमा सवारी साधन नचलाऔं,
- सवारी साधन रोक्नुपर्दा संकेत दिई सडक किनारामा मात्र रोक्ने गरौं,
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
- जथाभावी बाटो नकाटौं, बाटो काट्दा शतर्क रहौं,

सवारी दुर्घटनाबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### हरेक क्षेत्रमा महिला सहभागिता आवश्यक

महिलालाई हेप्ने, शोषण गर्ने र मान्छे समेतको दर्जामा राख्न नचाहने केहीले पुरुषवादी अहम् राखेकाहरुकै कारण महिलाहरुका लागि समग्र समाजको विकासमा अवरोध सृजना हुँदै आएको छ । जबसम्म विकासको समग्रतालाई मनन् गरेर महिला सहभागितालाई हरेक क्षेत्रमा प्रोत्साहित गरिँदैन तबसम्म समग्र विकासको कल्पना समेत गर्न सकिदैन् । महिलाहरुको पहुँच र नियन्त्रण स्थानीय श्रोत र साधनमा नहुनु दुःखलाग्दो मात्र नभई अमानवीय पनि हो ।

पितृसत्तात्मक सोच र व्यवहारका कारण महिलाहरु आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक रुपमा पछाडि धकेलिदैछन् । महिलाहरु विकासका सरल र सहज संवाहक हुन् भन्ने कुरा पनि बुझ्नु जरुरी छ । जुन श्रोत-साधनको संरक्षण, सम्वर्द्धन र जगेर्ना गर्न महिलाहरु तत्पर रहन्छन् उनीहरुको तदारुकताका साथको सहभागिता देखापर्छ, त्यही सहभागिता श्रोतको बाँडफाँडको बेला देखिंदैन । महिलाहरुको समग्र विकासको पाटो कमजोर हुँदै गएको छ । यो पाटो पनि सशक्तिकरण, अवसरको उपलब्धता र क्षमता अभिवृद्धिको मूलधारसँग जोड्नु पर्ने आजको आवश्यकता हो ।

महिलाहरुको पनि आर्थिक उत्पादन, सामाजिक जीवन लगायतका कार्यमा संलग्नताले उनीहरुको अवस्था परिवर्तनमा धेरै मद्दत गर्नेछ । तसर्थ महिलाहरुको उत्थानका क्रममा स्वयं महिलाहरुसँगै पुरुषले पनि सहकार्य गर्नुपर्ने आवश्यकता रहेको छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# मधेस प्रदेशमा विकास बजेट खर्च सुस्त

**अजयकुमार साह**

धनुषा, १७ पुस (रासस) ।

दोस्रो त्रैमासिक बित्ने बेला हुनलाग्दा समेत मधेस प्रदेश सरकारको विकासे बजेट खर्च निराशाजनक रहेको छ । कुनै पनि आर्थिक वर्षमा प्रदेश सरकारले सन्तोषजनक रूपमा बजेट खर्च गर्न सकेको अवस्था देखिएको छैन । सङ्घीय सरकारले आवश्यकताअनुसार बजेट उपलब्ध नगराएको गुनासो गर्ने प्रदेश सरकारले संघीय सरकारकै अनुदानलाई आधार मानेर बनाएको बजेट खर्च गर्ने क्षमताको भने विकास गर्न सकेको छैन ।

चालु आर्थिक वर्ष २०८१/८२ को पाँच महिना बित्दा समेत विकासे बजेट खर्च अति कै न्यून रहेको छ । मधेस सरकारले चालुतर्फ रु १६ अर्ब ७ लाख र पुँजीगततर्फ रु २७ अर्ब ८९ करोड १४ लाख ६९ हजार गरी चालु आवमा रु ४३ अर्ब ८९ करोड २१ लाख ७० हजारको बजेट ल्याएको थियो । पहिलो त्रैमासिकमा कुल पुँजीगत बजेटको ०.०५ प्रतिशत मात्र खर्च भएको प्रदेश तथा लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

कार्यालयका अनुसार पाँच महिनाको तथ्याङ्कमा खर्चको अवस्था हेर्दा अर्थ र वन तथा वातावरण मन्त्रालयबाहेक अन्य मन्त्रालय र निकायको बजेट एक प्रतिशत पनि खर्च हुन सकेको देखिएको छैन । अर्थ मन्त्रालयको पुँजीगत बजेट ६.०४ प्रतिशत र वन तथा वातावरणको १.४४ प्रतिशत खर्च भएको छ । सबैभन्दा बढी रु १२ अर्ब ६८ करोड ९० लाख ११ हजार पुँजीगत बजेट रहेको भौतिक पूर्वाधार विकास मन्त्रालयले रु दुई करोड २८ लाख ४० हजार दुई सय १९ मात्र खर्च गरेको छ । यो मन्त्रालयको कुल पुँजीगत खर्चको ०.१८ प्रतिशत मात्र हो ।

यस्तै रु चार अर्ब ७४ करोड पुँजीगत बजेट विनियोजन भएको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयले पाँच महिना अवधिमा रु चार करोड ५९ लाख ७८ हजार अर्थात ०.९७ प्रतिशत विकास बजेट खर्च गरेको छ । भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको रु दुई अर्ब २४ करोड ४७ लाख सात हजार बजेट रहेकामा रु एक करोड ९० लाख ८० हजार नौ अर्थात् ०.८५ प्रतिशत खर्च भएको छ ।

वन मन्त्रालयको रु एक अर्ब १५ करोड ३६ लाख ५४ हजार पुँजीगत बजेट रहेकोमा रु एक करोड ६६ लाख १२ हजार छ सय १७ अर्थात् १.४४ प्रतिशत खर्च गरेको छ । श्रम तथा यातायात मन्त्रालयको रु ३४ करोड ९५ लाख ३५ हजार पुँजीगत बजेट रहेकामा रु २९ लाख ३६ हजार ९४ रुपैयाँ खर्च गरेको छ । यो यस मन्त्रालयको कुल पुँजीगत बजेटको ०.८४ प्रतिशत मात्र हो ।

उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयमा पुँजीगततर्फ रु दुई अर्ब ६४ करोड २४ लाख बजेट रहेकोमा मात्र रु सात लाख ९२ हजार सात सय २० रुपैयाँ अर्थात् ०.०३ प्रतिशत खर्च गरेको छ । शिक्षा तथा समाज कल्याण मन्त्रालयमा रु एक अर्ब ७५ करोड ८० लाख २० हजार पुँजीगत बजेट रहेकामा रु एक करोड पाँच लाख ४८ हजार एक सय २० अर्थात ०.६० प्रतिशत खर्च गरेको छ ।

यसैगरी गृह, सञ्चार तथा कानुन मन्त्रालयको पुँजीगत बजेट ०.०८ प्रतिशत छ भने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पुँजीगत बजेट खर्च शून्य छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको पुँजीगत खर्च ०.४५ प्रतिशतमात्र छ । अन्य निकायको अवस्था पनि यस्तै नाजुक छ ।

विकासे बजेटले गति लिन नसक्नुको प्रमुख कारण मधेस सरकारको चालु आवको बजेट वक्तव्य र अर्को खर्च मार्गदर्शन रहेको बताइएको छ । प्रदेश सरकारको आव २०८१/८२ को नीति तथा कार्यक्रमको बुँदा नं २१ मा प्रदेश सरकार आयोजनाहरूको कार्यान्वयन गर्दा खुल्ला एवं प्रतिस्पर्धात्मक खरिद विधिको अवलम्बन हुने गरी व्यवस्था मिलाइने र लाभग्राही एवं नागरिकको आयोजनाप्रति स्वामित्व र अपनत्व सिर्जना गर्न पारदर्शी कार्यान्वयन प्रक्रियासहित नागरिक नेतृत्व सहजीकरण संयन्त्र परिचलान गरिने उल्लेख गरिएको छ ।

त्यस्तै बजेट वक्तव्यको बुँदा नं १४७ मा प्रदेश सरकारअन्तर्गतका निकायहरूले कार्यान्वयन गर्ने विकास निर्माणका कार्यहरू खुला एवं प्रतिस्पर्धी खरिद विधिअनुसार गरिने तथा स-साना सार्वजनिक निर्माण कार्य गर्नुपरेमा वित्तीय हस्तान्तरणको माध्यमबाट स्थानीय तहमार्फत कार्यान्वयन गर्ने नीति लिइने र नागरिकको आयोजनाप्रतिको स्वामित्व, अपनत्वका लागि पारदर्शी कार्यान्वयन प्रक्रिया सहित नागरिक नेतृत्व सहजीकरण संयन्त्र परिचालन गरिने व्यवस्था गरिएको छ ।

विगतमा मधेस सरकारको बहुसङ्ख्यक योजनाका काम उपभोक्ता समितिबाट हुने र त्यसक्रममा आयोजना किनबेच हुने गरेको व्यापक जनगुनासो आएपछि यस किसिमको व्यवस्था मुख्यमन्त्री सिंह नेतृत्वको सरकारले ल्याएको हो ।

बजेट वक्तव्यको १४७ र नीति तथा कार्यक्रमको बुँदा नं २१ कार्यान्वयन गर्न अर्थ मन्त्रालयले ४ साउनमा जारी गरेको ६४ बुँदे मार्गदर्शनको ४० नम्बर बुँदामा १६ शीर्षकमा बजेट खर्च गर्न सार्वजनिक खरिद ऐन र नियमावली अनुसार खरिद योजना तयार गरी अर्थ मन्त्रालयबाट पूर्वस्वीकृति लिनुपर्ने भनिएको थियो ।

यस बुँदालाई आधार बनाएर अर्थ मन्त्रालयले कात्तिक अन्तिम सातासम्म मन्त्रालयका पुँजीगत बजेट पिएलएमबीआइएसमा लक गरेको थियो । सो मार्गदर्शनको बाधा फुकाउन अर्थ मन्त्रालयमा नयाँ सचिवका रूपमा रामकुमार महतो आएपछि १४ मङ्सिरमा उक्त मार्गदर्शन नै खारेज गरे र नयाँ चारबुँदे मार्गदर्शन जारी गरेको छ । "चारबुँदे खर्च मार्गदर्शन जारी गरी बजेट खुला गरिसकेको छ । अब बजेट परिचालन गर्न निकायलाई कुनै बाधा छैन । प्रचलित नियम कानुनबमोजिम बजेट खर्च गर्न नियकायहरू स्वतन्त्र छन्", अर्थसचिव रामकुमार महतो भन्नुहुन्छ ।

यता मधेस प्रदेश सरकारको योजना प्रतिस्पर्धी खरिद विधि र उपभोक्ता समितिमार्फत सञ्चालन गर्ने विषयमा गठबन्धन दल पनि विभाजित भएका छन् । योजना खरिद बिक्री हुने र अनियमितता नियन्त्रण गर्न विनियोजन विधेयकमा प्रतिस्पर्धा विधिबाट योजना सञ्चालन गर्ने उल्लेख गरिएको र अहिले दलका नेताहरूले उपभोक्ता समितिबाट योजना सञ्चालन गर्नुपर्ने अडान राखेको जनमत पार्टी संसदीय दलका नेता महेश यादवले बताउनुभयो ।

नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवले विगतमा झैं उपभोक्ता समितिमार्फत नै योजना सञ्चालन गर्नसके चाँडै काम हुने भएकाले आफूहरूको माग रहेको बताउनुभयो । नेकपा (एमाले)की प्रदेश सांसद शारदादेवी थापाले प्रदेश सरकारको योजना सञ्चालन गर्न ढिलाइ भएकाले समयमै काम सम्पन गर्न उपभोक्ता समितिबाटै योजना सञ्चालन गर्ने संसदीय दलभित्र सहमति भएको बताउनुभयो ।

# कृत्रिम बौद्धिकता (एआई) को प्रयोगद्वारा जीवनको खोज

**डा परशुराम दाहाल**

काठमाडौँ, १७ पुस (रासस) ।

नासाले १४ अक्टोबर २०२४ मा जुपिटर(बृहस्पति) ग्रहको चन्द्रमा युरोपाको अध्ययन गर्न प्रक्षेपण गरेको युरोपा क्लिपर मिसन विज्ञान र प्रविधिको क्षेत्रमा माइलस्टोन बनेको छ । युरोपा क्लिपर जुपिटरको चन्द्रमा युरोपाको विस्तृत अध्ययन गर्न डिजाइन गरिएको पहिलो मिसन हो । वैज्ञानिक प्रमाणहरूका अनुसार अहिले पनि जीवनका लागि आवश्यक तत्वहरू युरोपामा हुन सक्छन् । यो अन्तरिक्ष यान छ वर्षपछि, अप्रिल २०३० मा १.८ अर्ब माइल (२.९ अर्ब किलोमिटर) यात्रा गरेर जुपिटरमा पुग्नेछ । त्यहाँ पुगेपछि, यो जुपिटरको परिक्रमा गर्दै युरोपाको ४९ पटक नजिकबाट उडान गरेर अध्ययन गर्नेछ ।

यस मिसनमा कृत्रिम बौद्धिकता (एआई) र अन्य अत्याधुनिक प्रविधिहरूको प्रयोग गरेर जीवनको सम्भावना खोज्ने लक्ष्य राखिएको छ । एआई भनेको कम्प्युटरले मानिसजस्तै सोच्न र काम गर्न सिकेको प्रविधि हो । यसले जटिल समस्या समाधान गर्न र दैनिक जीवनका कामहरू सजिलै गर्न मानिसलाई सहयोग पुऱ्याउँछ । वैज्ञानिकहरूले यो मिसन केवल पृथ्वीबाहेक जीवनको खोजीको लागि मात्र नभई, भविष्यमा अन्य ग्रह र चन्द्रमाहरूमा अन्वेषण गर्ने योजनाहरूको मार्गप्रशस्त गर्ने विश्वास गरेका छन् । नासाको युरोपा क्लिपर मिसनको कुल अनुमानित लागत लगभग ५.२ अर्ब डलर रहेको छ । यसमा मिसनको विकासदेखि २०३० मा जुपिटरमा पुगेर चार वर्षसम्म सञ्चालन गर्ने सम्पूर्ण खर्च समावेश छ । मिसन अत्यन्त जटिल भएकाले, डिजाइन र विकिरण जस्ता चुनौतीका कारण बजेट बढ्दै गएको हो । यो नासाका सबैभन्दा महँगो ग्रह विज्ञान परियोजनाहरू मध्ये एक मानिन्छ ।

युरोपा क्लिपर मिसनमा १,००० भन्दा बढी वैज्ञानिक र इन्जिनियरहरू संलग्न थिए, जसमा एआई र ग्रह अनुसन्धानका विशेषज्ञहरू पनि समावेश थिए । यो मिसनको तयारी २०१५ मा औपचारिक रूपमा सुरु गरिएको थियो र नौ वर्षको मेहनतपछि १४ अक्टोबर २०२४ मा सफलतापूर्वक प्रक्षेपण गरियो । यस अवधिमा वैज्ञानिक टोलीले जटिल उपकरणहरू निर्माण र परीक्षण गर्दै, जुपिटरतर्फको यात्रा योजना र मार्गको विस्तृत तयारी गरे । मिसनले एआई प्रविधि प्रयोग गरेर डेटा प्रशोधन र नेभिगेसनलाई थप प्रभावकारी बनाउने लक्ष्य राखेको छ, जसले जुपिटरको खतरनाक विकिरणबाट सुरक्षित उडान सुनिश्चित गर्छ ।

युरोपा क्लिपर अन्तरिक्षयानले हाइड्राजिन-आधारित इन्धन प्रयोग गर्छ । हाइड्राजिन अन्तरिक्षयात्राका लागि विश्वसनीय इन्धन हो, विशेषगरी गहिरो अन्तरिक्षमा यानको मार्ग परिवर्तन र नियन्त्रणका लागि । यो मिसनका लागि लगभग छ हजार पाउन्ड ( दुई हजार ७५० किलोग्राम) इन्धन यानका ट्याङ्कहरूमा भण्डारण गरिएको छ, जसमा हिलियम प्रेसरन्ट पनि छ, जसले इन्धन प्रवाहलाई व्यवस्थापन गर्नेछ । यस इन्धनको मद्दतले युरोपा क्लिपरले मङ्गल र पृथ्वीबाट गुरुत्वीय सहायता लिंदै, जुपिटरको कक्षसम्मको यात्रा पूरा गर्नेछ । हाइड्राजिन थ्रस्टरहरूले मार्ग सुधार र मिसनका दौरान वैज्ञानिक उपकरणहरूको सही दिशामा नियन्त्रण गर्न मद्दत गर्नेछन् ।

युरोपा क्लिपर मिसनको एउटा प्रमुख लक्ष्य युरोपामा जीवनको सम्भावना खोज्नु हो । युरोपा, जुपिटरको मुख्य चन्द्रमाहरू मध्ये एक, सतहमुनि लुकेको नुनिलो महासागरले ढाकिएको छ । वैज्ञानिकहरूले यो महासागरमा पृथ्वीभन्दा बढी पानी रहेको अनुमान गरेका छन् । वैज्ञानिकहरूले जुपिटरको यस चन्द्रमामा बरफमुनि रहेको महासागरमा जीवनका लागि आवश्यक तत्वहरू–पानी, रासायनिक यौगिकहरू र ऊर्जा स्रोत–मौजूद हुनसक्ने अनुमान गरेका छन् । यो मिसनको उद्देश्य युरोपाको वातावरण अध्ययन गरी हाम्रो ब्रह्माण्डमा हामी एक्लै छौं कि छैनौं भन्ने प्रश्नको जवाफ खोज्नु पनि हो । यदि जीवनको लागि अनुकूल अवस्था फेला परेमा, यसले पृथ्वीबाहेक अन्य ग्रह र चन्द्रमाहरूमा जीवनको सम्भावना पुष्टि गर्न मार्ग प्रशस्त गर्नेछ । यो मिसनले मानव सभ्यताले ब्रह्माण्डमा आफ्नो स्थान र जीवनको अर्थबारेको बुझाइमा परिवर्तन ल्याउने आशा गरिएको छ ।

यस मिसनको मुख्य

*बाँकी अन्तिम पृष्ठमा*

# विश्व अर्थतन्त्र २०२४; कमजोर वृद्धिदर, भूराजनीतिक तनाव र कृतिम बौद्धिकताको उत्कर्षको वर्ष

**हेमन्त जोशी**

काठमाडौं, १७ पुस (रासस)।

सन् २०२४ विश्व अर्थतन्त्र, राजनीति, र प्रविधिका अभुतपूर्व घटनाहरूको वर्ष बन्यो। भू-राजनीतिक तनाव, जलवायु सङ्कट, र मुद्रास्फीतिका दबाबले अर्थतन्त्रलाई चुनौती दिए। युक्रेन-रूस युद्ध, मध्यपूर्वको विवाद, र अमेरिकाको राष्ट्रपति चुनावले अन्तर्राष्ट्रिय सम्बन्धलाई पुनः परिभाषित गऱ्यो। क्रिप्टोकरेन्सीले ऐतिहासिक उचाइ हासिल गऱ्यो भने फिनटेक क्षेत्रले नयाँ सम्भावनाहरू देखायो। विश्व तापमानमा ऐतिहासिक वृद्धि र प्राकृतिक प्रकोपहरूले जलवायु संकटलाई थप गम्भीर बनाएको यो वर्ष आर्थिक, सामाजिक, र प्रविधिक दृष्टिले महत्वपूर्ण रह्यो। विश्व अर्थतन्त्रका महत्वपूर्ण घटना र उपलब्धीलाई राससले समीक्षा गरेको छ।

**कमजोर आर्थिक वृद्धि :**

यो वर्ष कमजोर आर्थिक वृद्धिदर र उच्च मुद्रास्फीति र नियन्त्रणकारी मौद्रिक नीतिको वर्ष रह्यो। विश्व आर्थिक मञ्च (वर्ल्ड इकोनोमिक फोरम) ले सन् २०२४ मा विश्व आर्थिक वृद्धिदर तीन दशमलव एक प्रतिशत र विश्व बैंकले दुई दशमलव छ प्रतिशत रहने प्रक्षेपण गरेको छ। अन्तर्राष्ट्रिय मुद्राकोष ( आईएमएफ) का अनुसार विश्व अर्थतन्त्रको वृद्धिदर यसवर्ष तीन दशमलव दुई प्रतिशत रहने छ। आईएमएफद्वारा प्रकाशित 'वर्ल्ड इकोनोमिक आउटलुक' अनुसार भूराजनीतिक तनाव, जलवायु परिवर्तन, प्राकृतिक प्रकोप लगायतका कारण विश्वको आर्थिक वृद्धि कोभिड-१९ पूर्वको तुलनामा अझै कमजोर छ। यसवर्ष विकसित मुलुकको अर्थतन्त्र एक दशमलव आठ र उदीयमान तथा विकासोन्मुख अर्थतन्त्रको वृद्धिदर चार दशमलव दुई प्रतिशतले वृद्धि हुने कोषको प्रक्षेपण छ। यसवर्ष भारतको आर्थिक वृद्धिदर सात प्रतिशत र चीनको आर्थिक वृद्धिदर चार दशमलव आठ प्रतिशतले विस्तार हुने प्रक्षेपण छ।

अघिल्ला वर्षहरुको तुलनामा विश्वको मुद्रास्फीतिमा सुधार हुँदै आएको छ। सन् २०२३ मा विश्वको उपभोक्ता मुद्रास्फीति छ दशमलव सात प्रतिशत रहेकोमा यसवर्ष पाँच दशमलव आठ प्रतिशत रहने कोषले प्रक्षेपण गरेको छ। यसवर्ष भारतको मुद्रास्फीति चार दशमलव चार प्रतिशत र चीनको मुद्रास्फीति शून्य दशमलव चार अनुमान गरिउको छ। मुद्रास्फीतिमा क्रमिक सुधार देखिएसँगै अन्तर्राष्ट्रिय स्तरमा खुकुलो मौद्रिक नीति अवलम्बन गर्न थालिएको छ। अमेरिकी फेडरल रिजर्भले २०२३ जुलाईमा साढे पाँच प्रतिशत पुऱ्याएको फेडरल फण्ड रेटलाई क्रमशः घटाउदै २०२४ सेप्टेम्बरमा चार दशमलव ७५ प्रतिशतदेखि पाँच प्रतिशत कायम गऱ्यो भने २०२४ नोभेम्बरमा साढे चार प्रतिशत देखि चार दशमलव ७५ प्रतिशत कायम गरेको छ। युरोपियन केन्द्रीय बैंकले पनि २०२४ अक्टोबरमा निक्षेप सुविधा दरलाई २५ आधार बिन्दुले घटाई तीन दशमलव २५ प्रतिशत कायम गरेको छ।

यसवर्ष मौद्रिक क्षेत्र व्यवस्थापनका लागि ठूलो अर्थतन्त्र भएका मुलुकका केन्द्रीय बैंकहरुले समेत कडा मौद्रिक नीति अबलम्बन गरे। जसले मुद्रास्फीति नियन्त्रण गर्न केहि मद्दत पुऱ्याएपनि सार्वजनिक वित्तमा भने दबाब सिर्जना गऱ्यो।

**ब्रिक्सद्वारा अमेरिकी डलरको निर्भरता घटाउन पहल :**

गत अक्टोबरमा रुसका कजानमा सम्पन्न ब्रिक्स राष्ट्रहरूको १६औं सम्मेलनले अमेरिकी डलरप्रतिको निर्भरता घटाउने योजना माथि छलफल गरेपछि त्यसको चर्चा विश्वभरी चुलियो। अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले ब्रिक्स राष्ट्रहरूले डलरको स्थानान्तरण गर्न खोजे ती देशहरुले महँगो भन्सार दर र व्यापार प्रतिबन्धसमेतको सामना गर्नुपर्ने चेतावनी दिएका छन्। हाल विश्वमा अमेरिकी डलरको प्रभुत्व घटिरहेको छ, तर यो अझै पनि सबैभन्दा बढी प्रयोग हुने मुद्रा हो। डलरले विश्व केन्द्रीय बैंक रिजर्भको करिब ५९ प्रतिशत हिस्सा ओगटेको छ। ब्रिक्स राष्ट्रहरूले डलरको प्रयोग घटाउने प्रयास गरे पनि यो प्रक्रिया शुरु हुन अझै समय लाग्नेछ। यद्यपि ब्रिक्स राष्ट्रहरूले डिजिटल मुद्राको प्रयोग र साझा मुद्रा निर्माणको प्रस्तावलाई प्राथमिकता दिएका छन्।

**अर्थशास्त्रतर्फको नोबेल पुरस्कार :**

२०२४ अक्टोबर १४ मा स्वीडेनको रोयल स्वीडिश एकेडेमी अफ साइन्सले यसवर्षको अर्थशास्त्रतर्फको नोबल पुरस्कार डयारन एसिमोग्लु, साइमन जोनसन, र जेम्स ए. रोबिन्सनलाई प्रदान गर्ने निर्णय गऱ्यो। यी तीनजना अर्थशास्त्रीले 'सामाजिक संस्थाहरू कसरी निर्माण हुन्छन् र तिनले मुलुकको आर्थिक विकास तथा समृद्धिमा कस्तो प्रभाव पार्छन्' भन्ने बारे अध्ययन गरेका थिए। बढी समावेशी संस्थाहरू भएका देशहरूमा समृद्धि सम्भव भएको तर शोषणकारी संस्थाहरू भएका देशहरू आर्थिक असमानतामा फसिरहेका निश्कर्ष उहाँहरुको अनुसन्धानको थियो। समावेशी संस्थाहरूले दीर्घकालीन लाभ पुऱ्याउने तर शोषणकारी संस्थाहरूले अल्पकालीन रूपमा सत्तामा रहेका व्यक्तिलाई मात्र फाइदा पुऱ्याउँछन्।

**दुई अमेरिकी बैंक डुबे :**

सन् २०२३ मा अमेरिकामा पाँचवटा बैंक बन्द भएकोमा यसवर्ष थप दुईवटा बैंक डुबे। अमेरिकाको ओक्लाहोमा राज्यको 'द फर्स्ट नेसनल बैंक' र पेन्सिलभेनिया राज्यको 'रिपब्लिक फर्स्ट बैंक' यसवर्ष बन्द भए। झुटा तथा भ्रामक बैंक रेकर्ड, ठगी, क्रिप्टोमा लगानी जस्ता कारण यी बैंकमा समस्या देखिएपछि अमेरिकाको फेडरल डिपोजिट इन्स्योरेन्स कर्पोरेसनले टेकओभर गरेर व्यवस्थापन गरेको थियो।

**फस्टाउँदो 'फिनटेक' :**

सन् २०२४ मा फिनटेक क्षेत्रमा प्रविधिको विकाससँगै त्यसले प्रयोगकर्ता आएको परिवर्तनका कारण ठूलो रूपान्तरण देखियो। अन्तरदेशीय (क्रस-बोर्डर) भुक्तानी क्षेत्रमा 'ब्लकचेन' र 'स्टेबलकोइन' प्रविधिको प्रयोगले अन्तर्राष्ट्रिय कारोबारलाई छिटो, सस्तो, र पारदर्शी बनाउँदै लगेको छ। डिजिटल वालेटहरू बहुआयामिक वित्तीय प्लेटफर्मका रुपमा उदाएका छन्। वालेटका रुपमा उदाएका 'एप्पल पे' 'गुगल पे' जस्ता प्लेटफर्महरु क्रिप्टोकरेन्सी कारोबार, क्रस-बोर्डर भुक्तानीलगायतका क्षेत्रमा आक्रामक रुपमा अघि बढिरहेका छन्। 'ओपन बैकिङ' को अवधारणा, अमेजनजस्ता इकमर्स प्लेटफर्महरुले आफै भुक्तानी सेवा उपलब्ध गराउन थाल्नु, कृत्रिम बुद्धिमत्ताको प्रयोगबाट लगानीको जोखिम विश्लेषणलगायतका प्रविधिमा आधारित विषयमहरु यसवर्ष चर्चामा रहे। यी प्रवृत्तिहरूले फिनटेक क्षेत्रलाई तीव्र विकास मात्र होइन, उपभोक्तामुखी र वातावरणीय रूपमा उत्तरदायी सेवाहरूलाई प्राथमिकता दिने नयाँ दृष्टिकोण विश्वव्यापी रुपमा स्थापित हुन थालेको छ।

**गुगललाई विश्वको जिडिपीभन्दा बढी जरिवाना**

रुसको एक अदालतले गत अक्टोबरमा गुगल कम्पनीलाई हालसम्मकै ठूलो रकम जरिवानाको फैसला गऱ्यो। युट्युबमा रुसका सञ्चारमाध्यमलाई प्रतिबन्ध लगाएपछि दुई अन्डेसिलियन ( दुईको पछाडि ३६ वटा शुन्य) बराबरको जरिवानाको फैसला रुसको अदालतले गरेको हो। यो जरिवाना रकम विश्वको कुल गार्हस्थ्य उत्पादन ( जिडिपी) भन्दा पनि बढी हो।

**ऐतिहासिक बिन्दुमा क्रिप्टो बजार**

सन् २०२४ मा क्रिप्टोकरेन्सी बजारले ऐतिहासिक बिन्दु कायम गऱ्यो। यस वर्ष बिटक्वाइनको मूल्य एक लाख अमेरिकी डलर नाँघ्यो। गतवर्षको तुलनामा बिटक्वाइनको मूल्य १२०% ले र इथरको मूल्य ५५% भन्दा बढीले वृद्धि भयो। यस्तो वृद्धिको प्रमुख कारणमध्ये 'बिटक्वाइन एक्सचेन्ज-ट्रेडेड फन्ड' लाई अमेरिकाले स्वीकृति दिनु, बिटक्वाइनमा संस्थागत लगानीकर्ताको चासो बढ्नु र नयाँ क्रिप्टो नियमहरू लागु हुनु लगायत हुन्। नेपालको छिमेकी देश भुटानले यसवर्ष अमेरिकी डलर तीन करोड ५० लाख बराबरको बिटक्वाइन बेचेको विषय पनि चर्चामा रह्यो।

**ठूला मर्जर र एक्विजिसन :**

सन् २०२४ मा व्यवसायिक क्षेत्रमा निकै महत्वपूर्ण प्राप्ति (मर्जर) र अधिग्रहण (एक्विजिसन) का सम्झौता भए। यसवर्ष 'क्यापिटल वान फाइनान्सियल कर्पोरेशन'ले डिस्कभर फाइनान्सियल सर्भिसेजलाई ३५ दशमलव ती अर्ब अमेरिकी डलर बराबरको स्टक-आधारित सम्झौतामा अधिग्रहण गर्ने घोषणा गऱ्यो। यस मर्जरले क्रेडिट कार्ड र उपभोक्ता बैंकिङ क्षेत्रमा ठूलो प्रतिस्पर्धी संस्था निर्माण गर्ने लक्ष्य राखेको छ। त्यस्तै, जोन्सन एन्ड जोन्सन (जे एन्ड जे) ले १३ दशमलव एक अर्ब डलरमा शकवेभ मेडिकललाई अधिग्रहण गऱ्यो। जसले इन्ट्राभास्कुलर लिथोट्रिप्सी (आईभिएल) प्रविधिमा आधारित मेडिकल उपकरण निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ठानिएको छ। त्यस्तै, हेव्लेट प्याकार्ड इन्टरप्राइजले १४ अर्ब डलरमा जुनिपर नेटवर्क्सलाई गरेको अधिग्रहण, एक्सोन मोबिलले पायोनियर नेचुरल रिसोर्सेसलाई करिब ६० अर्ब डलरको स्टक-आधारित सम्झौताको अधिग्रहणलगायतका व्यवसायिक सम्झौताहरु चर्चामा रहे।

**साईबर हमला :**

सन् २०२४ मा भएका विभिन्न साईबर हमलाले विश्वभरका धेरैवटा संस्था र महत्वपूर्ण सेवा प्रवाहमा अवरोध सिर्जना भयो। २०२४ जनवरीमा अमेरिकाको लोन डिपो कम्पनीमा ऱ्यान्समवेयर आक्रमण हुँदा उक्त कम्पनीको एक करोड ६० लाख भन्दा बढी ग्राहकको व्यक्तिगत जानकारी चोर्नुका साथै कम्पनीलाई करिब दुई लाख ७० हजार अमेरिकी डलर बराबरको घाटा लाग्यो। चिनीयाँ ह्याकरहरुको समूह 'भोल्ट टाईफुन' ले अमेरिकाको ऊर्जा, पेट्रोलियम पाइपलाईनजस्ता महत्वपूर्ण पूर्वाधार परियोजनामा साईबर आक्रमण गरे। अमेरिकाको 'चेन्ज हेल्थ केयर' आक्रमण, अस्ट्रेलियाको 'मेडि सेक्युअर' डाटा चोरी, बेलायतको 'एनएचएस' आक्रमण, स्नोफ्लेक आक्रमणलगायतका घटनाले साईबर सुरक्षाको क्षेत्रलाई तरङ्गित बनायो।

यसरी सन् २०२४ मा राजनीति, जलवायु, युद्ध, सूचना प्रविधिलगायतका क्षेत्रमा महत्वपूर्ण घटना घटे। अमेरिकी राष्ट्रपतीय चुनावमा डोनाल्ड ट्रम्पले पुनरागमन गर्दै विश्व राजनीतिमा ठूला बदलावको संकेत दिए। उनको 'अमेरिका फर्स्ट' नीतिले अन्तर्राष्ट्रिय सम्बन्ध कसरी अघि बढ्छ भन्नेबारे विभिन्न अड्कलबाजी भइरहेका छन्। जलवायु परिवर्तनको असरले सन् २०२४ लाई इतिहासकै सबैभन्दा तातो वर्ष बनायो। बढ्दो तापक्रम र प्राकृतिक प्रकोपहरूले वातावरणीय संकटलाई थप जटिल बनाए। युक्रेन-रूस युद्धको तेस्रो वर्षमा द्वन्द्व अझै तीव्र बन्यो, र दुबै पक्षले ठूलो क्षति व्यहोर्नुपऱ्यो। मध्य पूर्वी देशको विवाद पनि उत्कर्षमा रह्यो।

## विश्व समाचार

### युक्रेनले सन् २०२५ मा 'रणभूमि' र 'वार्ताको टेबुल' दुबैमा सङ्घर्ष गर्छ : जेलेन्स्की

किएभ, १७ पुस (रासस/एएफपी)।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रूसको तीन वर्ष लामो आक्रमण अन्त्यका लागि कुनै पनि वार्ता र युद्धस्थलमा डटेर आफ्नो मुलुकको अधिकारका विषयलाई स्थापित गर्न सङ्घर्ष गर्ने बताउनुभएको छ। युक्रेनी नेताको सम्बोधनबाट यो बुझ्न सकिन्छ कि युद्धग्रस्त युक्रेनका लागि यो वर्ष निकै कठिन वर्ष हो, जसले करिब तीन वर्षदेखि राम्रो स्रोत साधन भएको रूसी सेनासँग लडिरहेको छ। एएफपीको एक विश्लेषणअनुसार सन् २०२३ को तुलनामा सन् २०२४ मा रूसले सात गुणा बढी युक्रेनी भूभागमा अतिक्रमण गरेको छ र सन् २०२५ को मध्यतिर रिपब्लिकन नेता डोनाल्ड ट्रम्पले ह्वाइट हाउसको बागडोर सम्हाल्दा अमेरिकी सैन्य तथा राजनीतिक समर्थनमा कमी आउने सम्भावना छ। "आगामी वर्षमा हरेक दिन युक्रेन कमजोर छैन भनी पमाणित गर्न हामी सबैले युक्रेनको पक्षमा आ-आफ्नो स्थानबाट युद्धभूमि र वार्ताको टेबुल दुवैमा लड्नुपर्छ किनकि केवल यस्तो युक्रेनले मात्र सम्मान पाउँछ र उसको आवाज सुनिन्छ," जेलेन्स्कीले राष्ट्रका नाममा सम्बोधन गर्दै भन्नुभयो। "सन् २०२५ हाम्रो वर्ष होस्। युक्रेनको वर्ष। हामी जान्दछौं हामीलाई उपहारको रूपमा कि शान्ति दिइनेछैन, तर हामी रूसलाई रोक्न र युद्ध अन्त्य गर्न सबै कुरा गर्नेछौं। हामी सबै यही चाहन्छौं," उहाँले भन्नुभयो। अमेरिकी राष्ट्रपति जो बाइडनको प्रशासनले जनवरीमा ट्रम्पले कार्यभार सम्हाल्नुअघि किएभलाई समर्थन गर्ने होडमा युक्रेनका लागि करिब छ अर्ब अमेरिकी डलरको सैन्य र बजेट सहायताको घोषणा गरेको छ। रिपब्लिकन पार्टीका नेता ट्रम्पले आफू सत्तामा आएपछि '२४ घण्टाभित्र' द्वन्द्व अन्त्य गर्ने बताउनुभएको छ। अमेरिकी राष्ट्रपति निर्वाचित ट्रम्पको उक्त भनाइले युक्रेनमा शान्तिको लागि क्रेमलिनले हाल नियन्त्रणमा लिएको सबै भूमि त्याग्न बाध्य हुने सम्भावना बढेको छ। जेलेन्स्कीले भन्नुभयो, "नयाँ अमेरिकी राष्ट्रपति युक्रेनमा शान्ति हासिल गर्न र पुटिनको आक्रामकता अन्त्य गर्न इच्छुक र सक्षम हुनुहुन्छ भन्नेमा मलाई कुनै शङ्का छैन।" रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले नयाँ वर्षको पूर्वसन्ध्यामा मङ्गलवार सम्बोधन गर्दै युक्रेनमा भएको युद्धको स्पष्ट उल्लेख गर्नुभएन तर रुसी सैनिकको 'साहस र बहादुरी'को प्रशंसा गर्नुभएको थियो।

### भारतको होटलमा एकै परिवारका पाँच सदस्य मृत फेला

नयाँदिल्ली, १७ पुस (रासस/सिन्ह्वा)।

भारतको उत्तरी राज्य उत्तर प्रदेशमा बुधवार चार बालबालिका र आमासहित एकै परिवारका पाँच सदस्य एक होटलमा मृत फेला परेको स्थानीय प्रहरीले पुष्टि गरेको छ। घटना राज्यको राजधानी लखनउको हो। मृतक बालबालिकामा ९ तथा १६ वर्षका रहेका छन्। प्रहरीका अनुसार मृतक बालबालिकाका भाइलाई पक्राउ गरिएको छ। घरायसी विवादका कारण हत्या गर्न उनले मृतकको हातखुट्टा काटेको आरोप छ। परिवार लखनउबाट करिब ३५० किलोमिटर टाढा आगरा सहरबाट आएको तथा सोमबार होटलमा चेक इन गरेको थियो।

### नयाँ वर्षमा आतशबाजी पड्काउँदा दुर्घटनामा परी पाँच जनाको मृत्यु

बर्लिन, १७ पुस (रासस/एएफपी)।

जर्मनीले नयाँ वर्ष मनाउन परम्परागत रूपमा बालएका शक्तिशाली आतिशबाजीका कारण जर्मनीमा पाँच जनाको मृत्यु हुनुका साथै एक प्रहरी अधिकारी गम्भीर घाइते भएका छन्। जर्मनहरूले नयाँ वर्षलाई आतशबाजीको तीव्र प्रयोगका साथ मनाउँछन्। यसले प्रत्येक वर्ष चोटपटकको उच्च सङ्ख्या साथै प्रदूषण र होहल्ला निम्त्याउने गरेका कारण शक्तिशाली आतसबाजीलाई रोक्ने बारेमा बारम्बार बहस हुने गरेको छ। प्रहरी प्रवक्ता फ्लोरियन नाथका अनुसार यस वर्ष भएका दुर्घटनामा परी १३ जना प्रहरी अधिकारी घाइते भएका छन्। राजधानी बर्लिनमा रातारात करिब ३३० जनालाई हिरासतमा लिइएको र विगतका वर्षहरूको तुलनामा यस वर्ष कुनै ठूलो हिंसा वा घटना नभएको प्रहरीले जनाएको छ। नर्थ राइन-वेस्टफालियाको उत्तरपश्चिम क्षेत्रमा पर्ने पाडेरबोर्न नजिकै २४ वर्षीय एक व्यक्तिको 'पाइरोटेक्निक रकेट' विस्फोट हुँदा मृत्यु भएको स्थानीय प्रहरीले जनाएको छ। स्याक्सोनीको ओशाट्जमा ४५ वर्षीय एक व्यक्तिले 'पाइरोटेक्निक बारूदी गोला'मा आगो लगाउँदा टाउकोमा गम्भीर चोट लागेर मृत्यु भएको छ। पुलिसका अनुसार यो शक्तिशाली 'एफ-४ श्रेणी'को आतशबाजी हो र सको खरिद गर्न विशेष अनुमति चाहिन्छ। स्याक्सोनीको पूर्वी क्षेत्रमा हर्था शहरमा ५० वर्षीय एक व्यक्तिको आतशबाजी पाइप बम विष्फोट गर्न खोज्दा टाउकोमा चोट लागेर घटनास्थलमै मृत्यु भएको प्रहरी प्रवक्ताले बताएका छन्। उत्तरको ह्याम्बर्ग नजिकै एक २० वर्षीय युवकको आतिशबाजीमा आगो बालेर मृत्यु भएको थियो। अन्तमा, बर्लिन नजिकै क्रेमेनमा पनि एक व्यक्तिको आतशबाजीको विस्फोटबाट मृत्यु भएको स्थानीय प्रहरीले जनाएको छ। यस्तै घटनामा यस क्षेत्रका अन्य तीन जना गम्भीर घाइते भएका छन्।

### गाजाबाट ५५ जना बिरामीलाई युएई पुऱ्याइयो

जेनेभा, १७ पुस (रासस/एएफपी)।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले गाजा पट्टीबाट ५५ बिरामी विशेष उपचारका लागि मङ्गलबार संयुक्त अरब इमिरेट्स (युएई) लगिएको जनाएको छ। बिरामीसँगै उनीहरूका ७२ जना सहयोगीलाई पनि सँगै लगिएको छ। डब्लुएचओका अनुसार बिरामीमा स्वप्रतिरक्षा (अटोइम्युन) प्रणाली, रगतसम्बन्धी रोग, क्यान्सर, मुटुसम्बन्धी रोग, आँखा तथा मृगौलाको समस्या, 'ट्रमा इन्जुरी', नशाको समस्या र छालासम्बन्धी समस्या रहेको छ। गाजामा इजरायली आक्रमणका कारण सीमित स्वास्थ्य केन्द्रमा पनि स्वास्थ्यकर्मी, उपकरण, शैया र औषधीको अभाव भएको छ। संयुक्त राष्ट्रसंघीय स्वास्थ्य निकायले भनेको छ, "अझै पनि १२ हजारभन्दा बढी बिरामीहरूलाई गाजा बाहिर चिकित्सकीय स्थानान्तरणको आवश्यकता छ।"

# प्रत्येक वर्ष माघ १४ गते 'सम्पत्ति शुद्धीकरण दिवस' मनाइने

काठमाडौं, १७ पुस (रासस) ।

सरकारले प्रत्येक वर्ष माघ १४ गते 'सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय दिवस' मनाउने भएको छ । मङ्गलबार मन्त्रिपरिषद्ले गरेको निर्णयबारे बुधबार जानकारी दिँदै सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरूङले महान्यायाधिवक्ताको कार्यालय र अन्तर्गतको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने निर्णय गरिएको जानकारी दिनुभयो ।

त्यसैगरी प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोष स्थापना र सञ्चालनसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१ र पाँचखाल विशेष आर्थिक क्षेत्रलाई नेपाल सरकारले उपलब्ध गराएको जग्गामा निजी क्षेत्रबाट पूर्वाधार विकास गरेर सार्वजनिक निजी साझेदारी (पिपिपी) मोडलमा विकास तथा सञ्चालन गर्न स्वीकृति दिने मन्त्रिपरिषद्को निर्णय छ ।

सरकारले फिलिपिन्समा आयोजना हुने 'फेस टु फेस मिटिङ' मा २०८१ साल पुस २८ देखि माघ २ गतेसम्म नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीको नेतृत्वमा रहेको १३ सदस्यीय नेपाली प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने र विशेष आर्थिक क्षेत्र प्राधिकरणको रिक्त कार्यकारी निर्देशक पदमा छत्रबहादुर कटुवाल (बाजुरा) लाई नियुक्त गर्ने पनि निर्णय गरेको छ ।

"आवश्यक सेवामा हड्ताल गर्न निषेध गर्ने आदेश जारी गर्ने र सो को सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने र नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागमा कार्यरत प्रहरी अतिरिक्त महानिरीक्षक टेकबहादुर तामाङलाई काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरी, काठमाडौँमा सरूवा गर्ने निर्णय भएको छ", सरकारका प्रवक्ता गुरूङले भन्नुभयो ।

सरकारको नाममा दर्ता रहेको बाजुरा जिल्ला बूढीगङ्गा नगरपालिका-६ को एक हजार ७२५ वर्गमिटर सरकारी प्रकृतिको जग्गा बूढीगङ्गा नगरपालिकाको प्रशासकीय भवन निर्माणार्थ बूढीगङ्गा नगरपालिका, बाजुरालाई उपयोग गर्न स्वीकृति दिने मन्त्रिपरिषद्ले निर्णय गरेको छ ।

सरकारले जिल्ला समन्वय समिति कैलालीको नाममा दर्ता रहेको धनगढी उपमहानगरपालिका वडा नं १ को दुई हजार ७१८ वर्गमिटर जग्गा स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापनाका लागि धनगढी उपमहानगरपालिका, कैलालीलाई उपयोग गर्न स्वीकृति दिएको छ ।

हिल्सा-सिमिकोट सडकको सल्लीसल्ला-सिमिकोट खण्डको कडा चट्टान रहेको आठ सय मिटर लम्बाइको सडक निर्माण र चुवा खोलामा बेलीबृज निर्माण कार्य नेपाली सेनाबाट गराउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई स्वीकृति दिइएको छ ।

# जनमतले मनायो धोती दिवस

**दैनिक समाचारदाता**
**राजविराज, १७ पुस ।**

जनमत पार्टीले बुधबार सप्तरीसहित अन्य स्थानमा राष्ट्रिय पोषाक दिवस अन्तरगत धोती दिवस मनाएको छ । धोती हाम्रो शान हो, मधेसीको पहिचान हो, धोती हाम्रो राष्ट्रिय पोसाक हो लगायतका प्लेकार्डसहित प्रदर्शन गरेका थिए ।

पार्टीका अध्यक्ष डा. सीके राउतले नेपालमा धेरै जातजाति, भाषाभाषीहरु हुनु कमजोरी नभएको बताएका छन् । बुधबार माइतीघर मण्डलामा राष्ट्रिय पोसाक दिवसको अवसरमा आयोजित कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् ।

उनले धेरै भेषभुषा, भाषाभाषी, जातजाति हुनु नेपालको सम्पत्ति भएको उल्लेख गरे । उनले सबैलाई सम्मान गर्नसके मात्रै देशको भलो हुने बताए । राउतले सबैले सबैको अपनत्व स्वीकार गरेर आफ्नो आफ्नो पोसाक लगाइ पोसाक दिवस मनाउनुपर्ने बताए । उनले अरूलाई स्वीकार गर्न नसक्नु पश्चगामी मानसिकता भएको बताए ।

राष्ट्रिय धोती दिवसको अवसरमा मधेसी समुदायका नागरिकहरू धोती लगाएर माइतीघर मण्डलामा प्रदर्शन गर्न पुगेका थिए ।

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**रुपनी गाउँपालिका, सप्तरी**

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**कृष्णासवरण अग्निसाइर गाउँपालिका, सप्तरी**

## *कृत्रिम बौद्धिकता...*

उपकरणहरूमा आइस-पेनेट्रेटिङ राडार, थर्मल इमेजिङ प्रणाली, र अल्ट्राभायोलेट स्पेक्ट्रोस्कोप समावेश छन् । यानले युरोपाको सतहमुनि लुकेको पानी र पानीका फोहोराहरूको खोजी गर्दै जीवनको संकेत अध्ययन गर्नेछ । एआई प्रणालीहरूले सतहका तस्वीरहरू र अन्य वैज्ञानिक डेटा विश्लेषण गरी महत्त्वपूर्ण सूचनाहरू छान्ने र स्वचालित रूपमा मिसनको मार्गदर्शन गर्नेछ ।

सौर्य ऊर्जा प्रयोग गर्ने यो यानमा १०० फिट लामो सोलार प्यानल जडान गरिएको छ, जसले जुपिटरको कमजोर घामबाट पनि पर्याप्त ऊर्जा सङ्कलन गर्न मद्दत गर्नेछ । रेडिएसन-प्रतिरोधी प्रविधिको प्रयोग गरेर, यानका उपकरणहरूलाई जुपिटरको विकिरणबाट सुरक्षित राखिनेछ ।

एआई प्रणालीहरूले मिसनमा सङ्कलन गरिएको डेटा पृथ्वीमा पठाउनु अघि प्राथमिकता निर्धारण र संकुचन गर्नेछन्, जसले अनावश्यक जानकारी हटाएर वैज्ञानिकहरूले तुरुन्तै उपयोग गर्न मिल्ने महत्त्वपूर्ण तथ्यहरू फेला पार्न सकून् । यस प्रकारको कुशलता मानव अनुगमनबिना पनि अन्तरिक्षमा अनुसन्धान गर्न सक्षम हुनेछ । यो मिसनले भविष्यमा पृथ्वीबाहेकका ग्रह र चन्द्रमाहरूमा जीवनको सम्भावना खोज्न थप प्रेरणा दिनेछ । यदि युरोपामा जीवन पत्ता लाग्यो भने यो केवल विज्ञानको विजय नभई सम्पूर्ण मानव जातिका लागि ऐतिहासिक उपलब्धि हुनेछ । एआई र अन्तरिक्ष प्रविधिको यस्तो प्रयोगले अन्तरिक्ष अन्वेषणको क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याउनेछ ।

नेपालजस्तो देशका लागि, यस्तो एआई प्रविधि केवल प्रेरणाको स्रोत मात्र नभई देशको प्राविधिक विकासका लागि दिशानिर्देशक पनि हो । यो प्रविधि दुर्गम क्षेत्रमा शिक्षा र स्वास्थ्य सेवा पुऱ्याउन, ग्रामीण क्षेत्रमा कृषिको उत्पादनशक्ति बढाउन र विपद् व्यवस्थापनका लागि भविष्यवाणी प्रणाली निर्माण गर्न प्रयोग गर्न सकिन्छ । एआई प्रविधि प्रयोग गरेर नेपालले आफ्नो वैज्ञानिक अनुसन्धान मात्र नभई, जीवनस्तर सुधारका लागि पनि महत्वपूर्ण योगदान गर्न सक्छ । भविष्यमा, एआई र मानिसको सहकार्यले शिक्षा, स्वास्थ्य र अनुसन्धानमा प्रगति ल्याउन महत्वपूर्ण योगदान पुऱ्याउनेछ । जिम्मेवार र सुरक्षित रूपमा मानव र एआईको सहकार्यले हाम्रो जीवनलाई थप सहज र प्रभावकारी बनाउन सघाउनेछ ।

युरोपामा जीवनको सम्भावना खोज्ने नासाको प्रयासले भविष्यमा पृथ्वीबाहेक अन्य ग्रहहरूमा मानव जीवनको सम्भावनालाई उजागर गर्न सक्छ । नेपालजस्ता देशहरूले पनि यस्ता प्रविधिबाट प्रेरित भई आफ्नो अनुसन्धान र विकासलाई सशक्त बनाउन सक्छन् । एआईले मानव सभ्यताको सम्भावनालाई मात्र होइन, सम्पूर्ण ब्रह्माण्डमा जीवनको परिकल्पनालाई नयाँ उचाइमा पुऱ्याउनेछ । यसले नेपाललाई विश्वस्तरको अनुसन्धान र अन्तरिक्ष प्रविधिमा सहभागी गराउन मद्दत पुऱ्याउनेछ ।

युरोपा क्लिपर मिसन नासाको मात्र नभई सम्पूर्ण मानवताको अन्तरिक्ष यात्रामा एक महत्वपूर्ण कोसेढुङ्गा बन्नेछ । यो मिसनले विज्ञान र प्रविधिमा नयाँ क्रान्ति ल्याउँदै भविष्यका अन्तरिक्ष अन्वेषणहरूलाई प्रेरित गर्नेछ, जसले हामीलाई "हामी एक्ला छौं कि छैनौं ?" भन्ने प्रश्नको उत्तर खोज्न थप नजिक पुऱ्याउनेछ । *(लेखक अमेरिकामा एआई विज्ञका रूपमा कार्यरत हुनुहुन्छ)*

# नेपाल पत्रकार महासंघको सूचना

नेपाल पत्रकार महासंघ शाखा सप्तरीले पछिल्लो ३० वर्षदेखि निरन्तर रुपमा सप्तरीका स्वर्गीय पत्रकार लोकेन्द्र बुढाथोकीको स्मृति दिवस 'पुस २६ गते'का दिन मनाउँदै आएको सर्वविदितै छ । यसवर्ष पनि आउँदो पुस २६ गते शुक्रबारका दिन ३१औं लोकेन्द्र स्मृति दिवससँगै ३पत्रकारिता)पुरस्कार विशेष समारोहकाबीच निर्भिक, निष्पक्ष एवम् खोजमूलक समाचार सम्प्रेषण गर्ने एक जना पत्रकारलाई प्रदान गरिनेछ ।

तसर्थ, सप्तरी जिल्लालाई कार्यक्षेत्र बनाएर पत्रकारिता गर्दै आएका सञ्चारकर्मीहरुले अनिवार्यरुपमा आ-आफ्नो व्यक्तिगत विवरण, निवेदन र एक वर्षयता (२०८० पुस २७ गतेदेखि २०८१ पुस १६ सम्म) प्रकाशित/प्रशारित समाचार सामग्रीहरुमध्ये कम्तिमा तीन वटा महासंघको कार्यालयमा बुझाउनु हुन अनुरोध छ ।

अघिल्लो साधारणसभाले पारित गरेको "पुरस्कार सम्बन्धि कार्यविधि-२०७९" बमोजिम पुरस्कार सिफारिस समितिले कार्यसमितिमा सिफारिस गरिनेछ । साथै यसअघि एक पटक उक्त पुरस्कार पाईसकेको पत्रकारले दोहर्याएर नपाउने भन्ने व्यवस्था समेत हटेको हुँदा पत्रकार महासंघका सदस्य भएको जो सुकैले यो पुरस्कारका लागि आवेदन दिन सक्ने जानकारी समेत यसै सुचना मार्फत गराउन चाहन्छौ । निवेदनको ढाँचा महासंघको कार्यालयमा उपलब्ध छ ।

नोट : रेडियो र टेलिभिजनका पत्रकारले https:wetransfer.com बाट fnjsaptari@gmail.com मा समेत समाचार सामग्री पठाउन सकिन्छ ।

स्थान : नेपाल पत्रकार महासंघ शाखा सप्तरीको कार्यालय, राजविराज
बुझाउने मिति : २०८१ पुस २३ गते सम्म ।
समय : विहान ११ बजेदेखि ३ बजेसम्म ।
मिति : २०८१/०९/१७ गते ।

**खगेन्द्र कार्की**
**सचिव**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*